**जातीय समानताको बढावाको निम्ति**
**अवस्थित तथा योजनाबद्ध उपायहरु**

**व्यक्तिगत विवरणको लागि गोपनीयता आयुक्तको कार्यालय, हङ्कङ**

व्यक्तिगत विवरणको लागि गोपनीयता आयुक्तको कार्यालय (PCPD)को उद्देश्य व्यक्तिगत विवरण(गोपनीयता) अध्यादेश(PDPO)को पालना, अनुगमन र प्रचारको माध्यमद्वारा निजीको गोपनीयता सुरक्षित गर्नु हो ।

| | |
|---|---|
| सेवाहरु सम्बन्धित | • आम जनता र/वा सार्वजनिक तथा निजी संस्थाहरुले व्यक्तिगत डाटा गोपनीयताको सम्बन्धमा PCPD लाई सोधपुछ,उजुरी र/वा कानूनी सहयोगको लागि आवेदन दिन सक्छन् ।<br><br>• PCPDले विभिन्न माध्यमबाट व्यक्तिगत डाटा गोपनीयताको सुरक्षा र सम्मानको प्रचार गर्दछ, PDPO को आवश्यकता अनुसार व्यक्ति र संस्थाहरुलाई प्रशिक्षण संचालन गर्दछ र साझेदारहरुसँग काम सम्बन्धी प्रबन्ध गर्दछ ।<br><br>• हाम्रो सेवाहरू सर्वसाधारणले उनीहरुको जातीय पृष्ठभूमिका बावजुद पनि सजीलैसँग प्राप्त गर्न सकुन भनि सुनिश्चित गर्न, सेवाको प्रावधानमा भाषा अवरोध हटाउनका लागि कदमहरु लिइएको छ । |
| अवस्थित उपायहरु | • हाम्रो सेवाहरु जातिको सम्बन्धमा समान छन् र दुईवटा आधिकारिक भाषाहरुमा(चिनियाँ र अंग्रेजी)उपलब्ध गरिन्छ ।<br><br>• व्यक्तिगत विवरण गोपनीयताको सुरक्षा र सम्मान बारे जानकारी PCPD को वेबसाइटमा दुईवटा आधिकारिक भाषाहरु(चिनियाँ र अंग्रेजी)मा उपलब्ध छन् । यसबाहेक, |

सर्वसाधारण जनताहरुको लागि उपलब्ध गरिएको सबै कोडहरू, निर्देशहरू, सूचना पर्चा र पुस्तिकाहरु यी दुई आधिकारिक भाषाहरूमा प्रकाशित छन् ।

- आवश्यक र उपयुक्त भए अनुसार भाषा सेवाहरुको व्यवस्था गरिनेछ ।

| | | |
|---|---|---|
| भावी कार्यको मूल्यांकन | • | निरन्तर सुधार गर्नको निम्ति सो कदमहरु नियमित रुपमा समीक्षा गरिन्छ । |
| लिने/ लिनु पर्ने थप उपायहरु | • | आवश्यक भए अनुसार उचित तरिकाले अल्पसंख्यक जातीयहरुको लागि केन्द्र(CHEER)द्वारा दोभाषे सेवाको व्यवस्था गरिनेछ । CHEER ले आठ वटा भाषाहरु जस्तै बहासा इन्डोनेशिया हिन्दी, नेपाली, पन्जाबी, उर्दू, तागालग,थाई र भियतनामी भाषाहरुमा टेलिफोन दोभाषे सेवाहरु उपलब्ध गर्दछ। |
| | • | PCPD ले भाषा सेवाहरू प्रति काम गर्ने प्रक्रिया तयार गरेको छ र सबै कर्मचारीहरू (विशेष गरी फ्रन्टलाइन स्टाफ) लाई भाषा सेवाका नीतिहरु बारे सचेत गरिएको छ; र निर्धारित कार्य प्रक्रियाहरूसँग परिचित हुन, र आवश्यक परेमा कर्मचारीहरुलाई समयमै निर्देशन र मद्दत प्रदान गरिनेछ । |
| | • | जातीय समानता प्रति जागरूकता र संवेदनशीलता बढाउन कर्मचारीहरुलाई प्रशिक्षणको व्यवस्था गरिनेछ । |
| | • | PCPD ले जातीय समानतामा हाम्रो नीति र प्रभावहरू मूल्यांकन गर्न, र सेवा प्रावधानहरुमा निरन्तर सुधार गर्न “दोभाषे अनुवाद सेवाहरुको आवश्यकता” र दोभाषे अनुवाद सेवा आवश्यक हुने सेवा प्रयोगकर्ताहरुले “रुचाइएको भाषा" मा आधारभूत जानकारी संकलन गरिन्छ । उपयुक्त विवरण संकलन गर्नु अग्रिम सेवा प्रयोगकर्तालाई डाटा संकलन बयान |

उपलब्ध गरिनेछ ।

जातीय समानताको बढावाको निम्ति अवस्थित तथा योजनाबद्ध उपायहरु सम्बन्धी सोधपुछ गर्न, कृपया सिनियर पर्सनल डाटा अफिसर(कर्पोरेट सपोट)लाई निम्न माध्यमहरु मार्फत सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2827 2827 |
| फ्याक्स नं. | : | 2877 7026 |
| इमेल | : | enquiry@pcpd.org.hk |
| पत्राचार ठेगाना | : | Room 1303, 13/F, Sunlight Tower, 248 Queen's Road East, Wan Chai, Hong Kong |

**व्यक्तिगत डाटाको लागि गोपनीयता आयुक्तको कार्यालय, हङकङ**

**मे 2020**